# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०७९/०७/०१

## भाग-२
## सुर्यगढी गाउँपालिका

सुर्यगढी गाउँपालिकाको जेष्ठ नागरिक न्यानो कपडा खर्च वितरण कार्यविधि, २०७९ सम्बन्धमा सुर्यगढी गाउँकार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०६/३१**

**सम्बत २०७९ सालको कार्यविधि नं. : १**

# सुर्यगढी गाउँपालिका जेष्ठ नागरिक न्यानो कपडा खर्च वितरण कार्यविधि, २०७९

## प्रस्तावना

सुर्यगढी गाउँपालिकाभित्र बसोबास गरेको सामाजिक सुरक्षा प्राप्त गर्न योग्यता पुगेका जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गरी जेष्ठ नागरिकको सम्मान गर्ने कार्यमा आवश्यक व्यवस्थापन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा २ ले दिएको अधिकर प्रयोग गरी सुर्यगढी गाउँपालिका जेष्ठ नागरिक न्यानो कपडा वितरण कार्यविधि, २०७९ स्वीकृत गरी जारी गरिएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भिकः** (१) यस कार्यविधिको नाम सुर्यगढी गाउँपालिका जेष्ठ नागरिक न्यानो कपडा खर्च वितरण कार्यविधि, २०७९ रहेको छ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

ख. **"कार्यविधि"** भन्नाले यस सुर्यगढी गाउँपालिका न्यानो कपडा खर्च वितरण कार्यविधि, २०७९ लाई सम्झनु पर्दछ।

ग. **"गाउँपालिका"** भन्नाले सुर्यगढी गाउँपालिका सम्झनुपर्दछ।

घ. **"गाउँकार्यपालिका"** भन्नाले सुर्यगढी गाउँकार्यपालिका भन्ने सम्झनुपर्दछ।

ङ. **"जेष्ठ नागरिक"** भन्नाले ७०(सत्तरी) बर्ष भन्दा माथिको नागरिकलाई सम्झनुपर्दछ।

च. **"आ.ब."** भन्नाले चालु आर्थिक बर्ष भन्ने सम्झनुपर्दछ।

छ. **"प्रथम त्रैमासिक"** भन्नाले चालु आर्थिक बर्षको पहिलो ३(तिन) महिना सम्झनुपर्दछ।

**परिच्छेद २**

**खर्च गर्ने मापदण्ड**

३. **मापदण्डः** सुर्यगढी गाउँपालिकाले जेष्ठ नागरिकहरुलाई न्यानो कपडा खर्च वितरण गर्ने मापदण्ड देहाय बमोजिम रहनेछः

क. सुर्यगढी गाउँपालिका भित्र बसोबास गरिदै आएको हुनुपर्नेछ।

ख. आ.ब. को प्रथम त्रैमासिक भित्र ७० बर्ष उमेर पुरा भई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको जेष्ठ नागरिक हुनुपर्नेछ।

ग. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य भई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शाखामा अभिलेख कायम रहेका जेष्ठ नागरिकहरुलाई बार्षिक रु. १५०० ।- (एक हजार पाँच सय) का दरले बैंक खातामा एक मुष्ट रुपमा उपलब्ध गराउनेछ।

४. **कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः** जेष्ठ नागरिकलाई न्यानो कपडा खर्च वितरण गर्ने सिलसिलामा कुनै दुविधा हुन गएमा सो को व्याख्या वा वाधा अडकाउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

५. **संसोधन वा खारेजी र बचाउः** सुर्यगढी गाउँकार्यपालिकाले यस कार्यविधिलाई संशोधन वा खारेजी गर्न सक्नेछ र यो कार्यविधि प्रचलित नेपाल कानुन सँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ र नेपाल कानुनमा लेखिएका कुराहरु मान्य हुनेछ।

६. **कार्यविधि बमोजिम हुने:** जेष्ठ नागरिक न्यानो कपडा खर्च वितरण सम्बन्धि मापदण्ड यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्ब गर्दा प्रचलित नेपालको कानुनमा भएका प्रक्रियाहरु बमोजिम गर्न कुनै बाधा पर्ने छैन ।

आज्ञाले
गणेश राम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत